हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

# हरिपुर नगरपालिकाको

# अनुदान वितरण सम्बन्धी मापदण्ड

## २०८०

Scanned with CamScanner

**प्रस्तावना**

हरिपुर नगरपालिकाबाट विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रम तथा जिन्सी मालसामान लगायतका अनुदान छिटो, छरितो, मितव्ययी पारदर्शी एवं प्रभावकारी रुपमा, प्रवाह गर्न र अनुदान प्राप्त गर्नेसंघ संस्थाहरुलाई अनुशासित, जबाफदेही प्रवाह गर्न र उत्तरदायी बनाई परिणम हासिल गर्न, हरिपुर नगरपालिका कोषको सही सदुपयोग गर्न र गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड जारी गरिएको छ ।

**१. प्राथमिकता क्षेत्रहरु :**

हरिपुर नगरपालिकाले अनुदान उपलब्ध गराउन नगरसभाबाट कार्यक्रमको स्वीकृती देहायका प्राथमिकताका आधारमा गर्नुपर्नेछ :

(१) महिला, दलित, आदिवासी जनजाती र पिछडिएका समुदायहरुसंग सम्बन्धित आयमूलक, सीपमूलक, रोजगारी सिर्जना एवं क्षमता विकास गर्ने कार्यक्रमहरु,

(२) जनचेतनामूलक तथा साक्षरतामुलक कार्यक्रमहरु,

(३) सम्पदा संरक्षण र पर्यटन विकास सम्बन्धी कार्यकमहरु,

(४) वाताबरण संरक्षण, सम्वर्धन र विकास सम्वन्धी कार्यकमहरु,

(५) विपद् जोखिम न्युनीयकरण सम्बन्धी कार्यकमहरु,

(६) समुदायमा आधारित सहभागितामुलक कार्यकमहरु,

(७) शहरी गरिवी न्युनीकरणमा सहयोग पुऱ्याउने कार्यकमहरु,

(८) बाल विकास, बालश्रम उन्मूलन, बालस्वास्थ्य, बालशिक्षा, बालअधिकार, बाल मनोविज्ञान सम्बन्धि कार्यक्रमहरु ।

(९) खेलकुद विकाससँग सम्बन्धित कार्यक्रमहरु

(१०) स्थानीय टोल , समुदायको क्षमता विकास, जनचेतना अभिवृद्धि, पूर्वाधार विकास, सामाजिक परिचालन एवं सहभागीतामूलक कार्यक्रम

११ स्थानीय श्रोत र साधन परिचालन हुने कार्यक्रमहरु ।

१२ हरिपुर नगरपालिकाका स्थायी वासिन्दा, जनप्रतिनिधि तथा कर्मचारीहरुको स्वास्थ्यमा सुधार गर्ने कार्यक्रमहरु ।

१३ नेपाल सरकार र नगरपालिकाको उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरु

१४ दीगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुयाउने कार्यकमहरुं ।

१५ कार्यसम्पादन मुल्याडकनमा सहयोग पुर्याउने कार्यकमहरु

१६. खानेपानी तथा सरसंफाई सम्वन्धी कार्यक्रमहरु

गोपाल पजियार
नगर प्रमुख

Scanned with CamScanner

२. अनुदानका प्रकारहरु :

(क) संस्थागत अनुदान

(ख) कार्यक्रम अनुदान

३. अनुदान वितरण गर्ने प्रक्रियाहरु :

(क) संस्थागत अनुदान :कुनै पनि सरकारी संस्था, अर्धसरकारी संस्था, कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्तावमा उल्लेखित प्राथमिकताको आधारमा नगरसभाले कार्यक्रम स्वीकृत गरी संस्था आफैले सम्पूर्ण कार्य गर्नेगरि अनुदानको निकासा उपलब्ध गराइनेछ । यसरी सम्बन्धित संस्थाले खर्च गर्ने गरि अनुदान पठाउँदा उक्त कार्यको लेखा परीक्षण प्रतिवेदन समेत उपलब्ध गराउने व्यवस्था समेत निकासा प्रदान गर्दा उल्लेख गर्नुपर्नेछ। नगरपालिकाबाट प्राप्त अनुदानको बिल भर्पाई र कार्यक्रम प्रतिवेदन अनुदान प्राप्त आ.व को असार मसान्त अगावै नगरपालिकामा बुझाउनु पर्नेछ। संस्थागत अनुदान प्रदान गर्दा हरिपुर नगरपलिका बाहिर कार्य क्षेत्र भएका तर हरिपुर नगरपालिकाका स्थानिय बासिन्दा प्रत्यक्ष/अप्रत्यक्ष लाभान्वित हुने देखिएमा संस्थाको कार्यविवरण र कार्यप्राकृति हेरि अनुदान दिन सकिने छ ।

(ख) कार्यक्रम अनुदान : कुनैपनि सरकारी संस्था, अर्धसरकारी संस्था कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्तावको प्राथमिकताको आधारमा कार्यक्रम स्वीकृत गरिनेछ । उक्त कार्यको अनुगमन मूल्याँकन हरिपुर नगरपालिकाले गर्ने गरि कार्यप्रगति विवरणको आधारमा सोधभर्ना स्वरुप रकम उपलब्ध गराउन गराइनेछ । तर शुरुमा स्वीकृत कार्यक्रमको एकतिहाई रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिने छ । अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भएं पश्चात मात्र उपलब्ध गराउन सकिनेछ ।

(ग) सो अनुदान पाउने संस्थाहरु नियमानुसार दर्ता भएको, वार्षिक लेखापरीक्षण भएको र नियमानुसार नवीकरण गरेको हुनु पर्ने ।

४. अनुदानका क्षेत्रहरु :

१ शैक्षिक तथा जनचेतनामूलक कार्यक्रमहरु

२ बृद्ध वृद्धा आश्रमहरु संचालन सम्बन्धि कार्यक्रमहरु

३ राहत तथा पुर्नस्थापना सम्वन्धि कार्यक्रमहरु

४ वातावरण, जलवायुपरिवर्तन सम्बन्धि संरक्षण, विकास र सम्बर्द्धन सम्बन्धि कार्यक्रमहरु ५ प्रकोप तथा विपद व्यवस्थापन र पुर्वतयारी सम्बन्धि कार्यक्रमहरु

६ स्वास्थ्य शिविरहरु, रक्तदान कार्यकमहरु, विशेष खोप कार्यकमहरु, स्वास्थ्य सम्बन्धि अन्य कार्यक्रम

७ अपाङ्ग बालबालिका हेरचाह, उद्धार, शिक्षा र पुर्नस्थापना सम्बन्धि कार्यक्रमहरु

८ मसानघाट, चिहान, किया पुत्री दाह संस्कार व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु ।

गोपाल पजियार
नगर प्रमुख

Scanned with CamScanner

९ स्ववासी (सुकुम्बासी) समस्या समाधान सम्बन्धि कार्यक्रमहरु

१० घरेलु बाल श्रमिक सम्बन्धि कार्यक्रमहरु

११ सडक बाल बालिकाको पुर्नस्थापना, शिक्षा, उद्धार सम्बन्धि कार्यक्रमहरु

१२ वेवारिसे सडक मानव (मानसिक रोगी, वृद्ध, घरबार विहिन मानिसहरु ) सम्बन्धि कार्यक्रमहरु

१३ बेरोजगारका लागि सीपमुलक तालीम (गैर नाफामुलक) सञ्चालन गर्ने संस्थाहरु

१४ वृक्षारोपण (नदी किनार, सडक पेटी, सार्वजनिक स्थल आदि) सम्बन्धि कार्यगर्नेसंस्थाहरु

१५ स्थानीय भाषा, संस्कृति संरक्षण र विकास सम्बन्धि सम्बन्धि कार्यक्रमहरु

१६ राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पदा संरक्षण, विकाससँग सम्बद्ध सम्बन्धि कार्यक्रमहरु

१७ ऐतिहासिक पोखरी, उधान, पाटी, पौवा, सत्तल, मन्दिर, गुम्वा, देवल आदिको संरक्षण, सम्बर्द्धन, विकास सम्बन्धि कार्यक्रमहरु

१८ स्थानीय जात्रा, पर्व, उत्सव र यस्तैप्रकारका सम्बन्धि कार्यक्रमहरु

१९ खेलकुदका विकाससँग सम्बन्धित स्थानीय तथा राष्ट्रिय स्तरका सम्वन्धि कार्यक्रमहरु

२० स्थानीय जनचेतनामुलक सकारात्मक सोच अभिवृद्धि गराउनेउद्धेश्यलेसंचालित कार्यक्रमहरु

२१ सुरक्षित आवासगृह ।

**५. यस मापदण्ड कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ। यस मापदण्ड लागु हुनु अगाडी वितरण गरिएको अनुदान यसै मापदण्ड बमोजिम भए गरेका मानिने छ।**

गोपाल पजियार
नगर प्रमुख

Scanned with CamScanner